मातृभाषाको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकासका लागि

मार्गदर्शन पुस्तिका

आधारभूत तह (कक्षा ६-८)

(परीक्षणका लागि)

२०७०

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

मातृभाषाको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकासका लागि

मार्गदर्शन पुस्तिका

आधारभूत तह (कक्षा ६-८)

(परीक्षणका लागि)

२०७०

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि.सं. २०७०

भूमिका

नेपाल भाषिक तथा सांस्कृतिक विविधता भएको राष्ट्र हो । नेपालको सरकारी कामकाजको भाषा नेपाली भए तापनि नेपालका मातृभाषाहरूले पनि राष्ट्रभाषाको मान्यता प्राप्त गरिसकेका छन् । मातृभाषा नेपाली नभएका प्राथमिक उमेरका बाल बालिकाहरूलाई कक्षा १ देखि नेपाली भाषाका माध्यमबाट शिक्षा हासिल गर्न असहज हुने तथ्यलाई बाल मनोविज्ञानले पनि स्विकारेको छ । यस तथ्यलाई दृष्टिगत गरी पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तह कक्षा १-५ का लागि केही मातृभाषामा पाठ्य पुस्तकसमेत तयार पारेको छ । यसलाई निरन्तरता दिँदै आधारभूत शिक्षा पाठ्यक्रम २०६९ (कक्षा ६-८) ले पनि मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय लिन पाउने व्यवस्था गरेको छ ।

मातृभाषाको शिक्षणका लागि बनाइने पाठ्यक्रमका धेरै जसो विषय वस्तुमा समानता हुने भएकाले प्रत्येक भाषामा छुट्टा छुट्टै पाठ्यक्रम विकास गर्नु सान्दर्भिक नहुन सक्छ । पाठ्यक्रम र पाठ्य सामग्रीको उपयोगको हालसम्मको अनुभवलाई हेर्दा पाठ्यक्रम विकास केन्द्रको एक्लो प्रयासले मात्र मातृभाषा शिक्षणका लागि सामग्रीहरूको विकास कार्य सम्भव देखिँदैन । यस सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले समन्वयकर्ताको भूमिका निर्वाह गरेर सम्बन्धित भाषिक समुदायको संलग्नतामा कार्य सम्पन्न गर्ने प्रक्रिया अवलम्बन गर्दै आएको छ । यसका लागि जिल्ला पाठ्यक्रम समन्वय समितिमार्फत पनि सम्बद्ध सरोकारवालालाई सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ । पाठ्यक्रम विकास केन्द्र र सम्बन्धित भाषिक समुदायबिच सहकार्य हुँदा हुँदै पनि कतिपय भाषाहरूको पाठ्य सामग्रीहरूमा एक रूपता भएको देखिँदैन । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले ५ पाठ्यभारसहित १०० पूर्णाङ्कको मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषयमध्ये एक विषय लिनुपर्ने व्यवस्था गरेअनुसार मातृभाषा विषय लिने विद्यार्थीका लागि पाठ्यक्रम तथा पाठ्य सामग्री विकासमा एकरूपता ल्याउन सघाउ पुऱ्याउने उद्देश्यले यो पुस्तिका तयार पारिएको हो ।

आधारभूत तहको नेपाली विषयको पाठ्यक्रमका आधारमा तयार पारिएको यस पुस्तिकाको तयारी कार्यमा दिवाकर चापागाईं, गोपाल ठाकुर, अमर लिम्बु, विष्णु चित्रकार र भोला झालगायतको योगदान रहेको छ । यसको विकासमा यस केन्द्रका कार्यकारी निर्देशक दिवाकर ढुङ्गेल, नेपाली भाषा विषय समिति, मातृभाषा विषय समितिका अध्यक्ष प्रा.डा.माधवप्रसाद पोखरेल र सदस्यहरू अमृत योञ्जन, जयप्रकाश श्रीवास्तव, गीतामाया मगर र शम्भुप्रसाद दाहालको सल्लाह तथा सुझाव प्राप्त भएको छ । यो निर्देशिका तयार गर्नमा सहयोग पुऱ्याउनुहुने सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै सम्बन्धित सबैबाट आवश्यक रचनात्मक सुझावको समेत अपेक्षा गरिन्छ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०७०

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
	खण्ड क	
१.	मातृभाषाको नमुना पाठ्यक्रम परिचय	१
२.	पाठ्यक्रम विकासका आधारहरू	१
३.	विषयगत पाठ्यक्रमका अङ्ग	१
४.	शिक्षाका राष्ट्रिय उद्देश्य	२
५.	तहगत सक्षमता (कक्षा ६–८)	२
६.	शिक्षाको संरचना	३
७.	पाठ्यक्रम ढाँचा	३
८.	पठन पाठनको समयावधि	६
९.	सिकाइ सहजीकरण प्रक्रिया	६
१०.	विद्यार्थी मूल्याङ्कन	७
११.	पाठ्यक्रम मूल्याङ्कन	८
१२.	शिक्षाको माध्यम	८
१३.	मातृभाषा शिक्षण	९
१४.	तहगत सक्षमता	९
१५.	कक्षागत सिकाइ उपलब्धिहरू	१०
१६.	सिप/विधाको क्षेत्र र क्रम तालिका विस्तृतीकरण	१४
१७.	विधागत कक्षागत रूपमा पाठहरूको वितरण	१७
१८.	भाषिक सिपगत आधारमा पाठ्यभार विवरण (प्रतिशत)	१७
१९.	सिकाइ सहजीकरण प्रक्रिया	१७
२०.	शिक्षण प्रकिया	२०
२१.	विद्यार्थी मूल्याङ्कन प्रकिया	२१
	खण्ड ख	
२२.	मातृभाषाको पाठ्य पुस्तक विकासका लागि मार्गदर्शन परिचय	२४
२३.	पाठ्य पुस्तक तयार गर्दा ध्यान दिनुपर्ने पक्षहरू	२५
२४.	विशिष्टीकरण तालिका	२८

खण्ड (क)

मातृभाषाको नमुना पाठ्यक्रम

परिचय

नेपालमा धेरै मातृभाषाहरू छन् । ती प्रत्येक मातृभाषाका आधारभूत शिक्षा (कक्षा ६-८) तहका पाठ्यक्रममा भाषागत ज्ञान, सिप, दक्षताहरू एकै रूपका हुनु अत्यावश्यक छ । पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिने सम्बन्धित भाषाका पाठ्य सामग्रीहरूको विकास तथा परिमार्जन यस पाठ्यक्रमका आधारमा गरिने छ । अन्य सरकारी तथा गैरसरकारी संस्थालेसमेत मातृभाषाका पाठ्य सामग्री विकास गर्दा यसै नमुना पाठ्यक्रमलाई आधार मान्नुपर्ने हुन्छ ।

परीक्षणका लागि तयार पारिएको यस नमुना पाठ्यक्रममा सम्बन्धित मातृभाषाको तहगत सिकाइ उपलब्धि, शिक्षण गर्दा अपनाइनुपर्ने शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया उल्लेख गरिएको छ । विषय वस्तुको क्षेत्र, क्षेत्रगत रूपमा कक्षागत सिकाइ उपलब्धिहरू, भाषिक सिपगत आधारमा पाठ्यभार वितरण (प्रतिशतमा) समेत उल्लेख गरिएको छ ।

प्रत्येक भाषामा सुनाइ, बोलाइ, पढाइ, लेखाइका ज्ञान, सिप र दक्षता एकै प्रकृतिका रहने भएकाले एउटै नमुना पाठ्यक्रमका आधारमा पाठ्य सामग्री निर्माण गर्न सजिलो हुने किसिमले विषय वस्तुहरू समावेश गरिएको छ । मातृभाषाका आफ्नै भाषागत संरचनाअनुरूप पाठ्य सामग्री निर्माण गर्न सकिने गरी यो मार्गदर्शन पुस्तिका तयार गरिएको छ । मूल्याङ्कन प्रक्रियाका सम्बन्धमा समेत यस पाठ्यक्रमले आवश्यक व्यवस्था गरेको छ ।

पाठ्यक्रम विकासका आधारहरू

(क) मातृभाषाव . ;नोट गर्दा धेरै विद्यार्थीले बोल्ने मातृभाषा क्रमअनुसार छनोट गरी त्यसका आधारमा पाठ्यक्रम तयार गर्नुपर्ने छ ।

(ख) मातृभाषाको पाठ्यक्रम तथा पाठ्य सामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला विकास समिति समन्वय समितिको समन्वयमा विद्यालयमा नै पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

(ग) आधारभूत तहको मातृभाषाको पाठ्यक्रम निर्माण गर्दा आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ को पाठ्यक्रम संरचनाले निर्धारण गरेको पूर्णाङ्क र पाठ्यभारलाई समेत आधार मान्नुपर्छ ।

विषयगत पाठ्यक्रमका अङ्ग

(क) परिचय

(ख) तहगत सक्षमता

(ग) कक्षागत सिकाइ उपलब्धि

(घ) सिप/विषय वस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरण

(ङ) सिकाइ सहजीकरण तथा सिकाइ प्रक्रिया

(च) विद्यार्थी मूल्याङ्कन प्रक्रिया

शिक्षाका राष्ट्रिय उद्देश्य

शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने

३. स्थानीय र राष्ट्रिय स्तरका व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तरराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने

८. स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्व बन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने

तहगत सक्षमता (कक्षा ६–८)

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बाल बालिकामा अन्तरनिहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बाल बालिकाहरू आफ्ना विचारहरू आदान प्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमताहरू निम्न बमोजिम हुने छन् :

१. भाषिक, तार्किक तथा व्यावहारिक गणितीय सिप विकास र प्रयोग

२. सूचना र विचारहरूको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको प्रयोग

३. जनसङ्ख्या, वातावरण र दिगो विकासको व्यवस्थापनमा सहयोग

४. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त, नियम र खोज तथा अनुसन्धानको उपयोग एवम् प्रकृति र जीवबिचको अन्तरसम्बन्ध बोध

५. स्वस्थ, नैतिक र असल सामाजिक व्यवहारको विकास

६. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सामान्य व्यावसायिक सिपको प्रयोग

७. कला र संस्कृतिको संरक्षण तथा संवर्धन

८. व्यावहारिक जीवनमा आइपर्ने समस्याको पहिचान, विश्लेषण तथा समाधान

शिक्षाको संरचना

१. चार वर्ष उमेर पुरा नभएका बाल बालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास सम्बन्धी शिक्षा दिन सकिने छ भने चार वर्ष उमेर पुरा भइसकेका बाल बालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा प्रदान गरिने छ ।

२. विद्यालय शिक्षा कक्षा १ - १२ को हुने छ । यस प्रकारको शिक्षालाई निम्नानुसार व्यवस्थित गरिने छ :

(क) आधारभूत तह (कक्षा १-८)

(ख) माध्यमिक तह (कक्षा ९-१२)

पाठ्यक्रम ढाँचा

(क) साधारण शिक्षा (कक्षा ६-८)

क्र.सं.	विषय	साप्ताहिक पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	अङ्ग्रेजी	५	१००
३.	गणित	५	१००
४.	सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा	५	१००
५.	विज्ञान तथा वातावरण	५	१००
६.	स्वास्थ्य तथा शारीरिक शिक्षा	३	५०
७.	नैतिक शिक्षा	२	५०
८	पेसा, व्यवसाय र प्रविधि शिक्षा	५	१००
९	मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय	५	१००
	जम्मा	४०	८००

(ख) संस्कृत शिक्षा (कक्षा ६-८)

क्र.सं.	विषय	साप्ताहिक पाठ्यभार	पूर्णाङ्क
१	नेपाली	५	१००
२	अङ्ग्रेजी	५	१००
३.	गणित	५	१००
४	सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा	५	१००
५	विज्ञान स्वास्थ्य र शारीरिक शिक्षा	५	१००
६	संस्कृत व्याकरण	५	१००
७	पेसा, व्यवसाय र प्रविधि शिक्षा	५	१००
८	संस्कृत भाषा	५	१००
	जम्मा	४०	८००

द्रष्टव्य :

पेसा, व्यवसाय र प्रविधि शिक्षाअन्तर्गत कर्मकाण्ड वा फलित ज्योतिष, जडिबुटी खेती वा गृह विज्ञान वा सिलाइ बुनाइलगायतका विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

(ग) गुरुकुल शिक्षा (कक्षा ६-८)

क्र.सं.	विषय	साप्ताहिक पाठ्यभार	पूर्णाङ्क
१	नेपाली	५	१००
२	अङ्ग्रेजी वा संस्कृत	५	१००
३.	गणित	५	१००
४	सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा	५	१००
५	वेद वा नीति शास्त्र	५	१००
६	संस्कृत व्याकरण	५	१००
७	पेसा, व्यवसाय र प्रविधि शिक्षा वा विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा	५	१००
८	संस्कृत रचना	५	१००
	जम्मा	४०	८००

द्रष्टव्य :

१. पेसा, व्यवसाय र प्रविधि शिक्षाअन्तर्गत कर्मकाण्ड वा फलित ज्योतिष वा जडीबुटी खेती वा गृह विज्ञान विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

२. वेदविद्याश्रमतर्फ पनि गुरुकुल विद्याश्रमकै पाठ्यक्रम लागु हुने छ ।

३. विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा विषय संस्कृत माध्यमिक विद्यालयतर्फकै लागु हुने छ ।

४. यस पाठ्यक्रममा समावेश नभएका नेपाली, गणित, अङ्ग्रेजी तथा सामाजिक अध्ययन विषयका पाठ्यक्रम साधारणतर्फका आधारभूत शिक्षाकै पाठ्यक्रम प्रयोग हुने छन् तर पाठ्य पुस्तक तयार गर्दा पूर्वीय दर्शन, हिन्दु धर्म, संस्कृतिअनुसार विषय वस्तु थप गरी अनुकूलन (Adaptation) गर्न सकिने छ ।

(घ) गोन्पा तथा विहार शिक्षा (कक्षा ६-८)

क्र.सं.	विषय	साप्ताहिक पाठ्यभार	पूर्णाङ्क
१	नेपाली	५	१००
२	अङ्ग्रेजी	५	१००
३.	गणित	५	१००
४	सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा	५	१००
५	विज्ञान तथा वातावरण	५	१००
६	भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा	५	१००
७	पेसा, व्यवसाय र प्रविधि शिक्षा	५	१००
८	स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य	५	१००
	जम्मा	४०	८००

द्रष्टव्य :

१. पेसा, व्यवसाय र प्रविधि शिक्षाका रूपमा कला, कम्प्युटर, जडिबुटी खेती, आयुर्वेद, प्राकृतिक चिकित्सा, थान्का, दीप धूप निर्माण, काष्ठकला, मूर्तिकला, वास्तुकला, कृषि, पशुपालन, सङ्गीत आदि विषयमध्येबाट गुम्बा/विहार स्वयम्ले छानेको एक विषय रहने छ । यसको पाठ्यक्रम, पाठ्य पुस्तक स्थानीय निकायको परामर्शमा गुम्बा/विहार स्वयम्ले व्यवस्था गर्नुपर्ने छ ।

२. स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषयका रूपमा पठन पाठन हुने विषयको छनोट पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा गुम्बा वा विहार वा विद्यालय आफैंले गर्ने छ ।

(ङ) मद्रसा शिक्षा (कक्षा ६-८)

क्र.सं.	विषय	साप्ताहिक पाठ्यभार	पूर्णाङ्क
१	नेपाली	५	१००
२	अङ्ग्रेजी	५	१००
३.	गणित	५	१००
४	सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा	५	१००
५	विज्ञान तथा वातावरण	५	१००
६	आचार शिक्षा (दिनियात)	५	१००
७	कुर्आन (अरबिक)	५	१००
८	उर्दु भाषा	५	१००
	जम्मा	४०	८००

द्रष्टव्य :

१. सामाजिक अध्ययन (जनसङ्ख्या शिक्षा समेत) विषय उर्दु भाषामा अध्ययन अध्यापन गर्न सकिने छ ।

खुला तथा वैकल्पिक शिक्षा

आधारभूत तहको उद्देश्य प्राप्तिका लागि सञ्चालन हुने खुला तथा वैकल्पिक शिक्षाका लागि समेत यो पाठ्यक्रम संरचना लागु हुने छ । तर त्यस्तो धारको शिक्षा सञ्चालनका लागि विषयगत पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुने गरी समायोजन (condense) गर्न सकिने छ । यसरी समायोजन हुने पाठ्यक्रम मूल पाठ्यक्रम सरह स्वीकृत हुनुपर्ने छ ।

मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय

१. विद्यालयमा पठन पाठन हुने मातृभाषाको, छनोट पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्ने छ ।

२. स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषय वस्तु सम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैंले छनोट गर्न सक्ने छ । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्ने छ ।

३. मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैंले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोत केन्द्रस्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

४. अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषयहरू, भाषा समूहका विषयहरू, गणित तथा विज्ञान समूहका विषयहरू, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वास्तुकलालगायतका मागमा आधारित विषयहरू पर्ने छन् । उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गर्दै जाने छ ।

पठन पाठनको समयावधि

एक शैक्षिक वर्षमा कम्तीमा २१० दिन पठन पाठन सञ्चालन हुने छ । कक्षा ६-८ मा वार्षिक १०५० घण्टा पठन पाठन गर्नुपर्ने छ । तोकिएको वार्षिक घण्टा नघट्ने गरी पाठको आवश्यकतानुसार ४५ मिनेटको समयलाई एक घन्टी मानी कक्षा सञ्चालन गर्न सकिने छ । मातृभाषाका लागि साप्ताहिक पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७५ घन्टी हुने छ ।

सिकाइ सहजीकरण प्रक्रिया

१. आधारभूत शिक्षामा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनुपर्ने छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ । साधारण, संस्कृत, गुरुकुल विद्याश्रम, गोन्पा (गुम्बा) तथा विहार र मद्रसा शिक्षाका पठन पाठनमा आवश्यकताअनुसार

कम्प्युटर प्रविधिको पनि उपयोग गर्नुपर्ने छ । यसका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

२. पठनपाठमा कम्प्युटर प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्न सकिने छ ।

३. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।

विद्यार्थी मूल्याङ्कन

१. आधारभूत तहमा निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।

२. विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण फायल राख्नुपर्ने छ । यसलाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यावहारिक परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ । विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गर्नुपर्ने छ । व्यक्तिगत प्रगति विवरण फायलमा त्यसको अभिलेख राख्ने व्यवस्था पनि गर्नुपर्ने छ ।

३. विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य निर्दिष्ट सक्षमताका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीको सिकाइ उपलब्धिको वास्तविक अवस्था पहिचान गरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ ।

४. आधारभूत तह (कक्षा ६ र ७) मा ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । निरन्तर मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्य, विद्यार्थीको कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्यहरू आदि पर्ने छन् । यसलाई शिक्षकले निरन्तर मूल्याङ्कनका रूपमा सम्पन्न गर्नुपर्ने छ । यस्तो मूल्याङ्कन गर्दा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरूलाई क, ख र ग श्रेणीमा वर्गीकरण गर्नुपर्ने छ । विद्यार्थी मनोविज्ञानलाई दृष्टिगत गरी विद्यार्थी मूल्याङ्कन प्रणालीमा समसामयिक सुधार समेत गर्दै लगिने छ ।

५. आधारभूत तहको अन्तमा जिल्लास्तरीय परीक्षा सञ्चालन गरिने छ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ । यसका लागि विशिष्टीकरण तालिका निर्माण गरिने छ । कक्षा ६ र ७ मा आवधिक मूल्याङ्कन (लिखित र प्रयोगात्मक) र प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलन दुवै मूल्याङ्कनमा अलग अलग उत्तीर्ण हुनुपर्ने छ । प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलनतर्फ अक्षराङ्क पद्धतिबाट अभिलेखीकरण गरिने छ । विद्यार्थीले दिएको जवाफ वा गरेको कार्य पूर्णरूपमा मिलेकामा वा अधिकांश मिलेमा वा मापन गर्न खोजिएको विषय वस्तुलाई शतप्रतिशत मान्दा त्यसको ८० प्रतिशतभन्दा माथिल्लो उपलब्धि हासिल गरेमा क, दिएको जवाफ वा गरेको कार्य औसतभन्दा बढी मिलेकामा वा मापन गर्न खोजिएको विषय वस्तुलाई शतप्रतिशत मान्दा त्यसको ६० देखि ७९ प्रतिशतसम्मको उपलब्धि हासिल गरेमा ख, दिएको जवाफ वा गरेको कार्य औसतभन्दा कम मिलेकोमा वा मापन गर्न खोजिएको विषय वस्तुलाई शतप्रतिशत

मान्दा त्यसको ४० देखि ५९ प्रतिशतसम्मको उपलब्धि हासिल गरेमा ग श्रेणी निर्धारण गरिने छ । यस्तो श्रेणी निर्धारण गर्न निश्चित आधार वा मापदण्ड तयार गर्नुपर्ने छ । कक्षा उत्तीर्ण हुन प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलनतर्फ न्यूनतम ग श्रेणी प्राप्त गर्नुपर्ने छ । यसरी विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोगात्मक कार्य वा परियोजना कार्य, कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्यहरू, कक्षा कार्य, उपलब्धि परीक्षा (साप्ताहिक परीक्षा, एकाइ परीक्षा, मासिक परीक्षा) लगायत शिक्षकले मूल्याङ्कन गर्न चाहेका अन्य पक्ष समेतको मूल्याङ्कन गर्नुपर्ने छ । पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धिमा ग श्रेणीभन्दा कम उपलब्धि हासिल गर्ने विद्यार्थीका लागि सुधारात्मक शिक्षणको व्यवस्था गर्नुपर्ने छ ।

६. लिखित परीक्षाका लागि १०० पूर्णाङ्कका लागि तिन घण्टा र सोभन्दा कम पूर्णाङ्क हुने विषयमा सोही अनुपातमा समय निर्धारण हुने छ

७. विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

पाठ्यक्रम मूल्याङ्कन

१. पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुने छन् :

(अ) विद्यार्थीको उपलब्धि स्तर

(आ) शिक्षकको कार्य सम्पादन स्तर

(इ) पठन पाठनमा उपयोग गरिएको समय

(ई विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(उ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया

(ऊ) सरोकारवालाको विद्यालयप्रतिको धारणा

उपर्युक्त पक्षसमेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ । व्यक्ति, परिवार र समाजमा परेको प्रभावसमेतका आधारमा राष्ट्रिय स्तरमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ ।

२. पाठ्यक्रमको प्रभावकारिताको अवस्थाको निर्क्योल गर्नका लागि आवधिक रूपमा विषयगत, कक्षागत र तहगत राष्ट्रिय उपलब्धि स्तर मापन गरिने छ ।

३. यस पाठ्यक्रमलाई समसामयिक, स्तरीय, गुणात्मक, बाल केन्द्रित, जीवनोपयोगी र समावेशी बनाउन क्षेत्रीय तथा जिल्ला पाठ्यक्रम समन्वय समितिहरूले विभिन्न गोष्ठी, सेमिनार, अन्तर्क्रिया, समीक्षा आदि विविध माध्यमवाट सम्बद्ध विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद्, राजनीतिज्ञ, व्यापारी, विशेषज्ञ, नीतिनिर्माता, उद्योगी एवम् व्यवसायी लगायत सबै सरोकारवालाहरूको सुझाव सङ्कलन गरी पाठ्यक्रम विकास केन्द्रमा पठाउने व्यवस्था गर्नुपर्ने छ ।

शिक्षाको माध्यम

१. विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुन सक्ने छ । तर देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम निम्नबमोजिम हुन सक्ने छ :

(क) आधारभूत शिक्षासम्मको शिक्षा मातृभाषामा दिन सकिने छ ।

(ख) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनुपर्ने छ ।

२. पाठ्यक्रम सम्वद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना, सञ्चार तथा प्रविधि (Information and Communication Technology-ICT) को प्रयोगलाई प्राथमिकता दिई सक्दो उपयोग गरिने छ ।

मातृभाषा शिक्षण

परिचय

आआफ्ना मातृभाषाका विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै मातृभाषा अध्यापनको मुख्य उद्देश्य हो । भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ । त्यसैले यस पाठ्यक्रमलाई मूलतः भाषिक सिप विकासका पक्षमा केन्द्रित गरिएको छ । यसका लागि पाठ्यक्रमले निम्न लिखित पक्षहरूमा जोड दिएको छ :

- पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउने
- सक्षमतामा आधारित भाषिक सिपगत उद्देश्य निर्धारण गरी उपयुक्त पाठ्यवस्तुको छनोट एवम् सिमाङ्कन गर्ने
- विद्यार्थीको पूर्वक्षमतामा आधारित रही माध्यमिक शिक्षाको पूर्वाधार निर्माण गर्न सिकाइको आवश्यकता, रुचि र मानसिक दक्षताअनुरूप पाठ्य वस्तुको विस्तारमा सचेतता अपनाउने
- भाषिक सिपहरूको अभ्यासका लागि विविध क्षेत्रबाट उपयुक्त विषय वस्तु छनोटको अपेक्षा गरिएकाले सामाजिक, ऐतिहासिक, राजनीतिक, सांस्कृतिक, कला, विज्ञान/प्रविधि जस्ता विविध क्षेत्रका विधाबाट भाषिक सिपको अभ्यास गराउने
- भाषिक क्षमता अभिवृद्धिका लागि पुरकका रूपमा कार्यमूलक व्याकरणलाई समावेश गर्ने
- विधाको क्षेत्र र ¯मलाई विस्तृत रूपमा स्पष्ट पार्ने
- पठन कौशल, रचना कौशल, शब्द भण्डार जस्ता पक्षमा जोड दिने
- सन्तुलित र प्रभावकारी भाषाको मूल्याङ्कनका लागि पाठ्य वस्तुअनुरूप अङ्क भार निर्देश गर्ने
- पाठ्य सामग्रीको प्रकृति र उद्देश्यअनुरूपको सिकाइ क्रियाकलाप गर्ने

तहगत सक्षमता

यस तहको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सक्षमता हासिल गर्न समर्थ हुने छन् :

१. मौखिक, लिखित एवम् सञ्चार माध्यमका विषय वस्तुको सुनाइ र पढाइ
२. प्रचलित विधागत र सूचनामूलक सामग्रीहरूको सुनाइ र पढाइ
३. सिकेका कुराको विभिन्न माध्यमबाट अभिव्यक्ति
४. वैयक्तिक र सामाजिक उद्देश्य परिपूर्तिका लागि विविध ढाँचा र शैलीको लेखन
५. भाषिक विविधता पहिचानसहित परिस्थिति र सन्दर्भअनुकूलको अभिव्यक्ति
६. अन्तरभाषिक तथा सांस्कृतिक विशेषताअनुरूप शिष्ट भाषाशैलीको प्रयोग
७. सञ्चार शिल्प र सिकाइका लागि भाषाको प्रयोग
८. निर्देशित तथा स्वतन्त्र रचनाको प्रस्तुति
९. सम्बन्धित मातृभाषाका भाषिक विशेषताप्रति सचेतता र तदनुरूप प्रयोग
१०. दैनिक व्यवहारमा आत्मविश्वासका साथ भाषाको प्रयोग

११. विचारको अभिव्यक्तिमा स्पष्टता तथा विश्लेषणात्मक प्रतिक्रिया

१२. योजना, सोधखोज, विश्लेषण, मूल्याङ्कनका आधारमा धारणा निर्माण

१३. प्रभावकारी सिकाइ, रचनात्मक सोच तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरूको सिर्जना र समस्या समाधान

कक्षागत सिकाइ उपलब्धिहरू

कक्षा : ६

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सिपहरूमा सक्षम हुने छन् :

सुनाइ र बोलाइ

१. सम्बन्धित भाषाका शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरू सुनी तिनको भिन्नता पहिल्याउन

२. सम्बन्धित भाषामा शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न

४. सम्बन्धित भाषाका सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न

५. सम्बन्धित भाषामा सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन

६. सम्बन्धित भाषाका कविता, गीत, कथा, वर्णन र जीवनी सुनेर प्रतिक्रिया जनाउन

७. सम्बन्धित भाषाका ससाना कुराकानी, संवाद, प्रश्नोत्तर आदिमा प्रभावकारी ढङ्गले भाग लिन

८. आफूले देखेसुनेका, अनुभव गरेका वस्तु, वातावरण र घटनाका विषयमा सम्बन्धित भाषामा वर्णन गर्न

९. सिलसिला र हाउभाउ मिलाई बोल्न

१०. अनुभवका आधारमा सन्दर्भ र प्रसङ्ग मिलाई मौखिक रूपमा प्रश्नोत्तर गर्न

११. भाषिक मौलिकता पहिचान गर्ने गरी सम्बन्धित भाषाका वक्ताहरूको अभिव्यक्ति सुन्न ।

पढाइ

१. सम्बन्धित भाषाका लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न

२. सम्बन्धित भाषाका विभिन्न विधाका पाठहरू आशयअनुसार पढ्न

३. मुख्य मुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न

४. विभिन्न प्रयोजनका लागि सम्बन्धित भाषाका लिखित सामग्रीहरूको मौन वाचन गर्न

५. प्रतिक्रिया दिन सक्ने गरी विभिन्न विधाका पाठहरू सस्वरवाचन गर्न

६. सम्बन्धित भाषाका पाठमा प्रयुक्त शब्दहरूको अर्थ बुझी पढ्न

७. सम्बन्धित भाषाका विभिन्न विधाका पाठहरू पढी शब्द भण्डार वृद्धि गर्न

८. सम्बन्धित भाषाका विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न

लेखाइ

१ सम्बन्धित भाषाका हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न

२. सम्बन्धित भाषाका लेख्य चिह्नहरूको ठिकसँग प्रयोग गर्न

३. सम्बन्धित भाषाका शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न

४. आफूले सुनेका, देखेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणको सम्बन्धित भाषामा लिखित वर्णन गर्न

५. सम्बन्धित भाषामा सुनेका, पढेका विषय वस्तुको सार लेख्न

६. सम्बन्धित भाषाका अनुच्छेद, चिठी र निवेदन सिलसिला मिलाई लेख्न

७. आफ्नो रुचिअनुसारका विषयमा सम्बन्धित भाषामा स-साना मौलिक रचना गर्न

८. सम्बन्धित भाषाका वाक्यमा सङ्गति मिलाई तिनको उपयुक्त प्रयोग गर्न

९. विशिष्ट अंशको भाव विस्तार/व्याख्या गर्न

१०. सम्बन्धित भाषाका व्याकरणसम्मत वाक्य रचना गर्न

कक्षा : ७

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सिपहरूमा सक्षम हुने छन् :

सुनाइ र बोलाइ

१. सम्बन्धित भाषाका शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न

२. सम्बन्धित भाषाका सुनेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न

४. सम्बन्धित भाषामा सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न

५. सम्बन्धित भाषामा सामान्य मौखिक वर्णनहरू सुनी मुख्य मुख्य कुरा बताउन

६. सम्बन्धित भाषामा साहित्यिक विधाका पाठहरू सुनेर सो सम्बन्धी प्रतिक्रिया जनाउन

७. सम्बन्धित भाषामा स्तरअनुसारका मौखिक अभिव्यक्तिहरू (कुराकानी, प्रश्नोत्तर, संवाद, वाद विवाद, छलफल) ध्यानपूर्वक सुनी तिनमा भाग लिन

८. आफूले देखेसुनेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई सम्बन्धित भाषामा मौखिक वर्णन गर्न

९. हाउभाउ मिलाई उपयुक्त ढङ्गले सम्बन्धित भाषामा बोल्न

१०. मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन

११. वक्ताको अभिव्यक्ति सुनी सम्बन्धित भाषाको भाषिक मौलिकता पहिचान गर्न

पढाइ

१. सम्बन्धित भाषाका लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

२. सम्बन्धित भाषाका विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन

३. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौन वाचन गर्न

४. विभिन्न प्रयोजनका लागि सम्बन्धित भाषाका कथा, कविता, प्रबन्ध र जीवनीका पाठहरू पढ्न

५. सम्बन्धित भाषाका विभिन्न स्रोतका सामग्रीबाट शब्द भण्डारको वृद्धि गर्न

६. पढेका पाठका शब्दहरूको सम्बन्धित भाषामा उपयुक्त प्रयोग गर्न

७. सम्बन्धित भाषाका पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

८. सम्बन्धित भाषामा विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न

लेखाइ

१. सम्बन्धित भाषाका हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न

२. सम्बन्धित भाषाका लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गर्न

३. सम्बन्धित भाषामा सफा र स्पष्टसँग लेख्न र लेखेका कुरा दोहोऱ्याई सच्याउन

४. सम्बन्धित भाषाका शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न

५. आफूले देखेका, सुनेका, अनुभव गरेका वस्तु, घटना तथा वातावरणका विषयमा सम्बन्धित भाषामा लिखित वर्णन गर्न

६. सम्बन्धित भाषामा सुनेका र पढेका विषय वस्तुको सार लेख्न

७. सम्बन्धित भाषामा अनुच्छेद, चिठी, निवेदन, कथा, प्रबन्ध, जीवनी र वाद विवाद सिलसिला मिलाई लेख्न

८. आफ्नो रुचिअनुसारका विषयमा सम्बन्धित भाषामा मौलिक रचना गर्न

९. सम्बन्धित भाषाका शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न

१०. सम्बन्धित भाषाका विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न

११. सम्बन्धित भाषाका व्याकरणसम्मत वाक्य रचना गर्न

१२. सम्बन्धित भाषाका पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

१३. परियोजना कार्यका माध्यमले भाषिक समस्या समाधान गर्न

कक्षा : ८

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सिपहरूमा सक्षम हुने छन् :

सुनाइ र बोलाइ

१. सम्बन्धित भाषाका शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याउन र सोहीअनुरूप शब्द उच्चारण गर्न

२. सम्बन्धित भाषाका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. सम्बन्धित भाषामा अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न

४. सम्बन्धित भाषामा सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न

५. विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू सम्बन्धित भाषामा भन्न

६. सम्बन्धित भाषाका साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन

७. सम्बन्धित भाषाका कुराकानी, प्रश्नोत्तर, संवाद, वाद विवाद, छलफल जस्ता मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन

८. आफूले देखेसुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई सम्बन्धित भाषामा मौखिक वर्णन गर्न

९. सम्बन्धित भाषाका मौखिक अभिव्यक्ति सुनेर प्रतिक्रिया दिन तथा हाउभाउ र अभिनयको ख्याल गर्न

१०. सम्बन्धित भाषामा भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न

११. सम्बन्धित भाषिक समुदायका व्यक्तिहरूसँग शिष्टतापूर्वक कुराकानी गर्न

१२. सम्बन्धित भाषाका वक्ताहरूको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न

पढाइ

१. सम्बन्धित भाषाका लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

२. सम्बन्धित भाषाका पाठमा व्यक्त भावअनुसार गति, यति, लय मिलाई पढ्न

३. सम्बन्धित भाषाका पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन

४. विभिन्न उद्देश्यले लिखित सामग्रीहरूको मौन वाचन गर्न

५. विभिन्न प्रयोजनका लागि सम्बन्धित भाषाका प्रबन्ध/निबन्ध, जीवनी र कथा पढ्न

६. सम्बन्धित भाषाका साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन

७. सम्बन्धित भाषाका विभिन्न स्रोतका सामग्री तथा विधाका पाठहरू पढी शब्द भण्डार वृद्धि गर्न

८. सम्बन्धित भाषामा पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न

९. सम्बन्धित भाषाका उखान टुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न

लेखाइ

१. सम्बन्धित भाषाका हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न

२. सम्बन्धित भाषाका विभिन्न चिह्नको उपयुक्त ढङ्गले प्रयोग गर्न

३. सम्बन्धित भाषाका शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न

४. आफूले देखेसुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सम्बन्धित भाषामा लिखित वर्णन गर्न

५. सुनेका र पढेका विषय वस्तुको सारांश सम्बन्धित भाषामा लेख्न

६. विभिन्न विषयहरूमा अनुच्छेद, चिठी, निवेदन, निमन्त्रणा पत्र, समवेदना, कथा, जीवनी र वाद विवाद सिलसिला मिलाई सम्बन्धित भाषामा लेख्न

७. स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाएर सम्बन्धित भाषामा प्रबन्ध लेख्न

८. आफ्ना रुचिअनुसारका विषयमा सम्बन्धित भाषामा मौलिक रचना गर्न

९. सम्बन्धित भाषाका शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न

१०. पाठका विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न

११. सम्बन्धित भाषामा व्याकरणसम्मत वाक्य रचना गर्न

१२. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

१३. परियोजना कार्यका माध्यमले सम्बन्धित भाषामा भाषिक समस्या समाधान गर्न

सिप/विधाको क्षेत्र र क्रम तालिका विस्तृतीकरण

क्र.सं	विधा	कक्षा ६	कक्षा ७	कक्षा ८
१.	प्रबन्ध/ निबन्ध	(क) सामाजिक (ख) वातावरणीय(पर्यावरणसहित) (ग) कला सम्वन्धी (परम्परागत कला/हस्तकला (घ) प्राविधिक	(क) सांस्कृतिक (ख प्राकृतिक (ग) कलात्मक सम्बन्धी (घ) वैज्ञानिक	(क) सामाजिक/सांस्कृतिक (ख प्राकृतिक/वातावरणीय (ग) कलात्मक/कला सम्बन्धी (घ) वैज्ञानिक/प्राविधिक
२.	कथा	(क) लोककथा/नीतिकथा (ख) ऐतिहासिक कथा	(क) लोककथा/नीतिकथा (ख) पौराणिक (ग) सामाजिक कथा	(क) लोककथा/नीतिकथा (ख) पौराणिक/ऐतिहासिक कथा (ग) सामाजिक कथा
३.	जीवनी	राष्ट्रिय (समुदायगत) (क) साहित्यकार (ख) आविष्कारक (ग) प्रेरक व्यक्तित्व	राष्ट्रिय (समुदायगत) र अन्तरराष्ट्रिय (क) साहित्यकार/कलाकार (ख) आविष्कारक (ग) प्रेरक व्यक्तित्व/विचारक	राष्ट्रिय (समुदायगत) र अन्तरराष्ट्रिय (क) साहित्यकार/कलाकार (ख) आविष्कारक (ग) प्रेरक व्यक्तित्व/विचारक
४.	चिठी	(क) घरायसी (ख) कार्यालयीय	(क) घरायसी (ख) कार्यालयीय	(क) घरायसी (ख) कार्यालयीय
५.	रूपक	(क) संवाद (ख) वाद विवाद	(क) संवाद (ख) वाद विवाद	(क) संवाद (ख) वाद विवाद
६.	कविता	(क) लोक छन्दोबद्ध कविता (ख) लोक कविता	(क) लोक छन्दोबद्ध कविता (ख) लोक कविता (ग) गीति कविता	(क) लोक छन्दोबद्ध/छन्दोबद्ध कविता (ख) गीति कविता (ग) गद्यय कविता
७.	कार्यमूलक व्याकरण (अ) सङ्गति	(क) लिङ्ग (ख) वचन (ग) पुरुष (घ) आदर	(क) लिङ्ग (ख) वचन (ग) पुरुष (घ) आदर	(क) लिङ्ग (ख) वचन (ग) पुरुष (घ) आदर
८.	(आ) काल	(क) वर्तमान (ख) भूत (ग) भविष्यत्	(क) वर्तमान (ख) भूत (ग) भविष्यत्	(क) वर्तमान (ख) भूत (ग) भविष्यत्
	(इ) पक्ष	(क) अपूर्ण (ख) पूर्ण	(क) अपूर्ण (ख) पूर्ण (ग) अज्ञात (घ) अभ्यस्त	(क) अपूर्ण (ख) पूर्ण (ग) अज्ञात (घ) अभ्यस्त
	(ई) अर्थ वा भाव	(क) आज्ञार्थ (ख) सम्भावनार्थ	(क) आज्ञार्थ (ख) सम्भावनार्थ	(क) आज्ञार्थ (ख) इच्छार्थ (ग) सम्भावनार्थ
	(उ) वाक्य परिवर्तन	लिङ्ग, वचन, पुरुष, आदर र करण/अकरणका आधारमा	लिङ्ग, वचन, पुरुष, आदर र करण/अकरणका आधारमा	लिङ्ग, वचन, पुरुष, आदर र करण/अकरण, काल र पक्षका आधारमा
	(ऊ) वाच्य परिवर्तन		(क) कर्तृवाच्य (ख) कर्मवाच्य	(क) कर्तृवाच्य (ख) कर्मवाच्य (ग) भाववाच्य
	(ए) शब्दवर्ग	(क) नाम (ख) सर्वनाम (ग) विशेषण (घ) क्रियापद	(क) नाम (ख) सर्वनाभ (ग) विशेषण (घ) क्रियापद	(क) नाम (ख) सर्वनाम (ग) विशेषण (घ) क्रियापद

		(ङ) कोटीकार (जना, वटा, कोसा जनाउने शब्दहरू)	(ङ) क्रियायोगी (च) नामयोगी (छ) संयोजक (ज) निपात (झ) विस्मयाधिबोधक (ञ) कोटीकार	(ङ) क्रियायोगी (च) नामयोगी (छ) संयोजक (ज) निपात (झ) विस्मयादिबोधक (ञ) कोटीकार
	(ऐ) कारक र विभक्ति	(क) सम्बन्धित भाषामा विभक्तिको सामान्य परिचात्मक प्रयोग	(क) सम्बन्धित भाषाका कारकको आधारभूत प्रयोग (ख) सम्बन्धित भाषाका विभक्तिको आधारभूत प्रयोग	(क) सम्बन्धित भाषाका कारकको थप प्रयोग (ख) सम्बन्धित भाषाका विभक्तिको थप प्रयोग (ग) विभक्ति नियम तिनको प्रयोग
	(ओ) उच्चारण (वर्णगत, शब्दगत)	(क) बेतिरेकका आधारमा वर्णहरूको उच्चारणको पुनरअभ्यास (ख) सम्बन्धित भाषाका अघोष ध्वनिको उच्चारण (ग) सम्बन्धित भाषाका अघोष ध्वनिको शब्दगत उच्चारण (घ) उच्चारणगत अक्षर संरचना	(क) सम्बन्धित भाषाका घोष ध्वनिको उच्चारण (ख) सम्बन्धित भाषाका घोष ध्वनिको शब्दगत उच्चारण (ग) उच्चारणगत अक्षर संरचना	(क) सम्बन्धित भाषाका अघोष र घोष ध्वनिको उच्चारण (ख) सम्बन्धित भाषाका अघोष र घोष ध्वनिको शब्दगत उच्चारण (ग) उच्चारणगत अक्षर संरचना
	(औ) लेख्य चिह्न	(क) पूर्णविराम (ख) प्रश्न चिह्न (ग) अल्पविराम (घ) उद्गार चिह्न	(क) पूर्णविराम (ख) प्रश्न चिह्न (ग) अल्पविराम (घ) उद्गार चिह्न (ङ) योजक चिह्न (च) कोष्ठक चिह्न	(क) पूर्णविराम (ख) प्रश्न चिह्न (ग) अल्पविराम (घ) अर्धविराम (ङ) उद्गार चिह्न (च) योजक चिह्न (छ) कोष्ठक चिह्न (ज) उद्धरण चिह्न (झ) निर्देश चिह्न
	(अं) वर्ण विन्यास	(क) सम्बन्धित भाषाका पाठमा प्रयुक्त शब्दहरूमा वर्ण विन्यास (ह्रस्वदीर्घ समेत) को उपयुक्त प्रयोग (भाषाअनुसार निर्धारण गर्ने) (ख) पदयोग र वियोग (यो नियम सम्बन्धित भाषामा भएमा सोहीअनुसार निर्धारण गर्ने)	(क) सम्बन्धित भाषाका पाठमा प्रयुक्त शब्दहरूमा वर्ण विन्यास (ह्रस्वदीर्घ समेत) को उपयुक्त प्रयोग (भाषाअनुसार निर्धारण गर्ने) (ख) पदयोग र वियोग (यो नियम सम्बन्धित भाषामा भएमा सोहीअनुसार निर्धारण गर्ने)	(क) सम्बन्धित भाषाका पाठमा प्रयुक्त शब्दहरूमा वर्ण विन्यास (ह्रस्वदीर्घ समेत) को उपयुक्त प्रयोग (भाषाअनुसार निर्धारण गर्ने) (ख) पदयोग र वियोग (यो नियम सम्बन्धित भाषामा भएमा सोहीअनुसार निर्धारण गर्ने)
८.	शब्द भण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान र टुक्कासमेत)	(क) पर्यायवाची (ख) विपरीतार्थी (ग) पारिभाषिक/प्राविधिक (घ) अनुकरणात्मक	(क) पर्यायवाची (ख) विपरीतार्थी (ग) अनेकार्थी (घ) पारिभाषिक/प्राविधिक (ङ) अनुकरणात्मक (च) उखान र टुक्का	(क) पर्यायवाची (ख) विपरीतार्थी (ग) अनेकार्थी (घ) समावेशक-समावेश्य (ङ) पारिभाषिक / प्राविधिक (च) अनुकरणात्मक (छ) उखान र टुक्का

नोट : कार्यमूलक व्याकरणमा उल्लिखित व्याकरणका विभिन्न पक्षहरू सबै मातृभाषामा समान नहुन सक्छन् । यस विषयमा सम्बन्धित भाषाको विशेषताअनुसार न्याकरणसम्बद्ध विषय वस्तु समेट्नुपर्दछ ।

स्पष्टीकरण

(क) **कथा** : कक्षा ६ मा लोक/नीतिकथा, पौराणिक/ऐतिहासिक कथा तथा कक्षा ७ र ८ मा लोककथा/नीतिकथा, पौराणिक/ऐतिहासिक र आधुनिक कथाहरू (सामाजिक, बाल मनोवैज्ञानिक) समाविष्ट हुने छन् ।

(ख) **कविता** : लोक छन्दोबद्ध/छन्दोबद्ध गीति र मुक्त कविताको छनोटलाई जोड दिइने छ । यस्ता कविता लयात्मक, सरल र स्तर सुहाउँदा हुने छन् ।

(ग) **प्रबन्ध/निबन्ध** : सामाजिक/सांस्कृतिक, प्राकृतिक तथा वातावरणीय, कलात्मक, वैज्ञानिक/प्राविधिक जस्ता विषय क्षेत्रबाट प्रबन्ध/ निबन्धहरू संयोजन गरिने छन् ।

(घ) **रूपक** : यसअन्तर्गत मौखिक अभिव्यक्तिसँग सम्बन्धित संवाद/एकाङ्की र वाद विवादलाई लिइएको छ । विद्यार्थीहरूको अनुभवको सेरोफेरोसँग सम्बन्धित स्तर सुहाउँदो विषय वस्तुमा आधारित भएर मौखिक अभिव्यक्तिको विविध पक्षको विकासका लागि यिनको संयोजन गरिने छ ।

(ङ) **जीवनी** : यसअन्तर्गत साहित्यकार/कलाकार, आविष्कारक, प्रेरक व्यक्तित्व/विचारकका राष्ट्रिय (सम्बन्धित समुदायका व्यक्तित्वलाई पहिलो प्राथमिकता) र अन्तरराष्ट्रिय जीवनीहरू रहने छन् । जीवनीहरू कक्षाअनुसार विषय क्षेत्रको सन्तुलन मिलाई राखिने छन् ।

(च) **चिठी** : यसअन्तर्गत घरायसी र कार्यालयीय चिठी पर्दछन् । कार्यालयीय चिठी भन्नाले विद्यालय र अन्य कार्यालयसँग सम्बद्ध निवेदनसमेत बुझिने छ ।

(छ) **कार्यमूलक व्याकरण** : कक्षा ६-८ मा व्याकरण समावेश गर्नुको अभिप्राय यसको सैद्धान्तिक ज्ञान गराउनु होइन । विधाका पाठहरूको प्रकृतिअनुसारका व्याकरण तत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकासका लागि यसलाई समावेश गरिएको हो । व्याकरण भनेको भाषा प्रयोगमा अन्तर्निहित संरचना एवम् व्यवस्था भएकाले यसलाई क्षेत्र र क्रम तालिकामा उल्लेख गरिए पनि व्याकरणलाई पाठसँग एकीकृत गरी सिकाइ गर्ने दृष्टिकोण लिइने छ ।

यस तहमा शब्दहरूको शब्दोच्चारण समावेश गर्नुको उद्देश्य सम्बन्धित भाषाका विद्यार्थीमा रहेका भाषिक र भाषिकागत त्रुटि सच्याउनु हो । कक्षा सिकाइका क्रममा विद्यार्थीमा देखिने विभिन्न प्रकारका ध्वनिगत र वर्णगत त्रुटिलाई उच्चारण अभ्यास गराउने क्रममा सस्वरवाचन गराउने तथा ध्वनि युग्म र शब्द युग्मको उच्चारण गराउने क्रियाकलाप समावेश गरिएको छ ।

(ज) **शब्द भण्डार** : सम्बन्धित भाषाका पाठ्य पुस्तकका पाठमा प्रयुक्त शब्दहरूलाई केन्द्रबिन्दु मानी विभिन्न विषय क्षेत्रका शब्द भण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ । शब्दका विभिन्न अर्थ सम्बन्धहरू र विषय क्षेत्रगत विविधतालाई ख्याल राखी शब्दहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगमा जोड दिइने छ । यस क्रममा प्रयुक्त र तत्सम्बन्धी उखान टुक्काहरूको प्रयोगलाई पनि समावेश गरिने छ । पर्यायवाची शब्द भन्नाले धेरै शब्दका एउटै अर्थ हुने र विपरीतार्थक भन्नाले उल्टो अर्थ दिने शब्द हुन् । शब्दकोशमा एकभन्दा बढी अर्थ दिइएका शब्द अनेकार्थी हुन् । समावेशक र समावेश्य शब्दका रूपमा जनावर (समावेशक) र बाघ, भालु, गाई, भैंसी आदि (समावेश्य) लाई लिन सकिन्छ । (कतिपय भाषामा यस प्रकारको भाषिक विशेषता नहुन पनि सक्छ ।) परिभाषाद्वारा अर्थ लगाइने पारिभाषिक र प्रविधिसँग सम्बद्ध शब्द प्राविधिक शब्द हुन् । आवाज, दृश्य आदिको

अनुकरणसम्बद्ध अनुकरणात्मक शब्द हुन् । शब्द भण्डार वृद्धिको प्रयोजनका लागि यस्ता शब्द समावेश गरिएका हुन्छन् ।

विधागत तथा कक्षागत रूपमा पाठहरूको वितरण

विधा	पाठ सङ्ख्या		
	कक्षा ६	कक्षा ७	कक्षा ८
कथा	६	६	६
कविता	३	४	४
प्रबन्ध/निबन्ध	४	४	४
रूपक	२	२	२
जीवनी	३	३	४
चिठी	२	२	२
जम्मा	२०	२१	२२

समग्रमा विभिन्न विधाका पाठहरू समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बिच सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तर, रुचि आदिलाई ध्यान दिइने छ ।

भाषिक सिपगत आधारमा पाठ्यभार विवरण (प्रतिशत)

भाषिक सिप	कक्षा ६	कक्षा ७	कक्षा ८
सुनाइ	१५	१५	१०
बोलाइ	१५	१५	१५
पढाइ	३०	३०	३५
लेखाइ	३०	३०	३५
कार्यमूलक व्याकरण	१०	१०	५
जम्मा	१००	१००	१००

सिकाइ सहजीकरण प्रक्रिया

भाषा सिकाइ विषय वस्तुको सिकाइ नभई विषय वस्तुका माध्यमबाट भाषिक सिपहरूको सिकाइ भएकाले यो अरू विषयको सिकाइका तुलनामा केही जटिल हुन्छ । भाषा सिकाइमा विभिन्न क्षेत्र तथा स्रोतका विषय वस्तुको विधागत विविध प्रस्तुतिलाई भाषिक सिपको अभ्यासका आधार सामग्री बनाउनुपर्ने हुन्छ ।

तसर्थ सामान्यतया प्रत्येक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइका कार्यकलापहरू गराउन सकिने छ । यस क्रममा सबै पाठलाई श्रुतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, शब्द भण्डार, वर्ण विन्यास आदिको अभ्यासका लागि उपयोग गर्नुपर्छ । विधाका पाठहरूलाई प्रस्तुति, शैली र प्रकृतिअनुसार भाषातत्त्व/व्याकरणको अभ्यास गराउन समेत उपयोग गर्नु आवश्यक छ ।

यसरी सबै विधालाई विविध भाषिक क्षमता विकास गर्न उपयोग गर्न सकिए पनि विधाविशेषको प्रकृति र प्रयोजनअनुसार अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका बाल बालिकाहरूका लागि उपयुक्त हुने सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

कथा

कथा सिकाइको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । कथनात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुतः कथा सिकाइका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सिपको अभ्यास गराउनुपर्छ । यस क्रममा कथा श्रवण, कथा कथन, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश, घटना क्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन, अनुलेखन जस्ता कार्यकलाप गराउनुपर्छ ।

कविता

कविता सिकाइको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण सिप विकास गर्नु हो । अतः कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका आधारभूत क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु पनि उपयुक्त हुन्छ ।

प्रबन्ध/निबन्ध

यस विधाको मुख्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्ध/निबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनुपर्छ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त गद्यांशको सस्वर पठन, बुँदा टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक छ ।

रूपक

रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको सिकाइ गर्दा निर्दिष्ट संवाद/एकाङ्की तथा वाद विवादलाई परिस्थिति, पात्र तथा भावानुकूल वाचन, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । यस क्रममा कथ्य अभिव्यक्ति क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह, अवरोह, आघात, गति, यति आदिको ख्याल गर्नुपर्छ । रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, हाउभाउ पहिचान, संवाद वा वाद विवादको अनुकरणात्मक लेखन, संवादपूर्ति, संवाद लेखन, वाद विवाद लेखन, स्वतन्त्र लेखन, श्रुति लेखन, अनुलेखन आदि क्रियाकलाप समेत गराउनुपर्छ ।

जीवनी

जीवनी सिकाइको मुख्य उद्देश्य पनि प्रबन्ध/निबन्ध वा कथामा उल्लेख भएझैं भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सिपको विकास गर्नु हो । यो विधा विशिष्ट व्यक्तित्वका जीवनमा घटेका घटनाहरूलाई आधार मानी प्रस्तुत गरिन्छ । जीवनीका माध्यमबाट विशिष्ट व्यक्तित्व एवम् चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ । यस्ता पाठहरूबाट श्रुतिबोध, पठन बोध, सस्वर तथा मौन पठन, सारांश, घटना क्रम मिलाउने, श्रुति लेखन, अनुलेखन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, बुँदा टिपोट जस्ता क्रियाकलाप गराउनुपर्छ ।

चिठी

चिठी लेख्य विधा भएकाले यसअन्तर्गत घरायसी चिठी र कार्यालयीय निवेदन लेखनको अभ्यास गराउनुपर्छ । यस तहमा बिदा, छात्रवृत्ति, कार्यक्रममा सहभागिता, गुनासो, निमन्त्रणा पत्र, शुभ कामना, बधाइ, समवेदना तथा सामग्री माग सम्बन्धी विषय वस्तु समेट्नु उपयुक्त हुने छ । यस क्रममा पाठमा प्रयुक्त चिठी तथा निवेदनको सिकाइ गर्दा तिनलाई नमुनाका रूपमा उपयोग गरी तिनको ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिनुपर्छ ।

कार्यमूलक व्याकरण

कक्षा ६-८ मा व्याकरण सिकाइ गर्नुको उद्देश्य बाल बालिकाहरूलाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो । अत: व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्त्याइँ गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइँदिनु उपयुक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा अन्तरनिहित व्याकरणको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु पनि वाञ्छनीय छ । यस तहमा छुट्टै पाठ्य पुस्तकका आधारमा व्याकरण सिकाइ गर्नु बोझिलो हुने र उद्देश्यअनुकूल नहुने पनि मननीय छ । व्याकरणलाई रचनामुखी बनाउन लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव आदि विभिन्न वाक्य कोटिअनुसारका छोटा वर्णनहरू गर्न लगाउनु पनि आवश्यक छ ।

व्यावहारिक लेखन

दैनिक दिनचर्यामा आइपर्ने निवेदन, निमन्त्रणा, समवेदना, शुभ कामना आदि जस्ता व्यावहारिक लेखन सम्बद्ध भाषिक सिप पनि विभिन्न अभ्यासका क्रियाकलापमा समावेश गरी व्यावहारिक रूपमा आइपर्ने कार्य, व्यवहार गर्ने सिपसमेत प्रदान गराउनुपर्ने छ ।

शब्दोच्चारण

उच्चारण सिकाइ गर्दा पाठमा प्रयुक्त शब्दको उदाहरणबाट विद्यार्थीका उच्चारणमा देखिने ध्वनिगत र शब्दगत जटिलतालाई पटक पटक अभ्यास गराउनुपर्छ । पाठबाहिरका शब्दहरूको प्रयोगबाट पनि विद्यार्थीको वैयक्तिक उच्चारण समस्यासँगको अभ्यास गराउन सकिन्छ । अझ उच्चारण शुद्धिका लागि सस्वर वाचनमा समेत जोड दिनुपर्छ ।

शब्द भण्डार

निर्दिष्ट पाठ्य पुस्तक तथा पाठ्य सामग्रीमा प्रयुक्त विभिन्न किसिमका शब्द तथा उखान टुक्काको सिकाइ गर्नाले भाषिक बोध तथा अभिव्यक्ति सामर्थ्य बढाउन मद्दत पुग्छ । पाठमा प्रयुक्त पर्यायवाची, विपरीतार्थी, समावेशक-समावेश्य, अनेकार्थी, पारिभाषिक/प्राविधिक, अनुकरणात्मक आदि शब्दहरू र उखान टुक्काहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउनुपर्ने छ ।

सहजीकरण प्रक्रिया

कक्षा ५ पार गरेर यस तहमा आएका विद्यार्थीहरूलाई आवश्यक पर्ने भाषिक ज्ञान, सिपलाई स्तरअनुसार अझ विस्तार गर्नुपर्ने आवश्यकता हुन्छ । यसले गर्दा नै यस तहका लागि सुनाइ र बोलाइ सिपको थप विकास गर्नका लागि छलफल, कुराकानी, प्रश्नोत्तर, व्याख्यान, अभिनय, भूमिका निर्वाह, समस्या समाधान, खोजमूलक, अवलोकन, खेल जस्ता विद्यार्थीकेन्द्रित विधिहरूलाई नै प्रयोग गर्नुपर्ने हुन्छ । पढाइ र लेखाइको सिपलाई विकास गर्नका लागि आवश्यकताअनुसार सस्वरवाचन, मौनपठन, अनुलेखन, प्रश्नोत्तर, श्रुति लेखन, प्रश्नोत्तर, निर्देशित लेखन, निबन्ध लेखन तथा स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्ने हुन्छ ।

सुनाइ शिक्षणका सम्भाव्य क्रियाकलापहरू

१. पाठका विषय वस्तु सुनेर प्रतिक्रिया व्यक्त गर्ने
२. वातावरण तथा समाजसँग मिल्दोजुल्दा पाठहरू भनी त्यसको मुख्य कुरा भन्न लगाउने
३. पाठका विषय वस्तु सुन्न लगाएर छोटो प्रश्नका उत्तरहरू भन्न लगाउने
४. पाठहरू सुन्न लगाएर ती पाठको उद्देश्य भन्न लगाउने
५. पाठहरूमा भएका समस्याहरू पहिचान गर्दै भन्न लगाउने
६. पाठ सुनाएर पाठप्रतिको आफ्नो विचार व्यक्त गर्न लगाउने
७. विभिन्न निर्देशनहरू दिएर सोहीअनुसार गर्न लगाउने
८. संस्कृति झल्किने विभिन्न रमाइला कथा, कविता आदि सुनाएर विद्यार्थीहरूलाई पनि भन्न् लगाउने
९. शब्द, वाक्यांश, वाक्य, अनुच्छेद र पाठ्यांशको श्रुति लेखन गराउने आदि

बोलाइ शिक्षणका सम्भाव्य क्रियाकलापहरू

१. विशेष शब्दहरूलाई पढ्न लगाउने
२. कविताहरू लयबद्ध भन्न लगाउने
३. एकाङ्कीहरू, संवादसाथ अभिनय गर्न लगाउने
४. चित्रहरूका बारेमा सम्बन्धित भाषामा वर्णन गर्न लगाउने
५. साथीहरूसँग छलफल, वाद विवाद कार्यक्रम गर्न लगाउने
६. सम्बन्धित मातृभाषामा छलफल र प्रश्नोत्तर मौखिक रूपले गराउने
७. कथाहरू भन्न लगाउने
८. विद्यार्थीहरूले देखे, सुनेका र अनुभव गरेका घटना आदिका बारेमा वर्णन गर्न लगाउने

पढाइ शिक्षणका सम्भाव्य क्रियाकलापहरू

१. पाठ पढ्न लगाएर त्यसमा भएका मुख्य कुराहरूको सूची बनाउन लगाउने
२. पाठ पढ्न लगाएर बुँदा टिप्न लगाउने
३. अनुच्छेद पढ्न लगाएर छोटो प्रश्नोत्तर भन्न लगाउने
४. सम्बन्धित भाषाका गीत, कथा, कविता, एकाङ्कीको अंश छानी आशयका साथ हाउभाउसहित व्यक्त गर्न लगाउने

५. लेख, रचनाको आशयसहित प्रश्नोत्तर गर्ने

लेखाइ शिक्षणका सम्भाव्य क्रियाकलापहरू

१. विद्यार्थीहरूलाई गारो लागेका शब्दहरूलाई लेख्न अभ्यास गराउने

२. विद्यार्थीहरूलाई एउटा निश्चित शीर्षक दिएर रचना तयार गर्न लगाउने

३. स्वतन्त्र कथा, कविता, नाटक, निवेदन लेख्न गराउने

४. पाठको अन्तिममा रहेका प्रश्नोत्तरहरू गर्न लगाउने

५. वषयसँग सम्बन्धित चित्रहरू कोर्न लगाउने

६. शब्द, वर्ण, छोटो अनुच्छेदहरू अनुलेखन गर्न लगाउने

विद्यार्थी मूल्याङ्कन प्रक्रिया

आधारभूत शिक्षा (कक्षा ६-८) का विद्यार्थीको मूल्याङ्कन उनीहरूले गरेका कार्यको अवलोकन गरेर, बोल्न लगाएर, पढ्न लगाएर साथै उनीहरूको लेखाइ सिप जाँच गरेर गर्नुपर्छ । भाषागत विधा र क्षेत्रअनुसारको आवश्यक मूल्याङ्कन प्रक्रियालाई तल उल्लेख गरिएको छ ।

सुनाइ

१. कथा, कविता, जीवनी, आदिको विवरण सुनाइ मुख्य कुरा भन्न लगाएर

२. श्रुति लेखन गराएर

३. शिक्षकले भनेका कुराहरू रुचि लिएर सुनेका छन् या छैनन् अवलोकन गरेर

४. समूह समूहमा छलफल कार्यक्रममा विद्यार्थी सहभागी गराई अवलोकन गरेर

५. शिक्षकले दिएका निर्देशन कार्यान्वयन गर्छन् कि गर्दैनन् अवलोकन गरेर

बोलाइ

१. शिक्षकले सोधेका प्रश्नको जवाफ सुनेर

२. कथा, कविता भन्न लगाएर

३. नाटकीकरणको क्रियाकलाप गराएर

४. वाद विवाद कार्यक्रम तथा उद्घोषण गराएर

५. वर्ण, शब्दहरू उच्चारण गर्न लगाएर, सुनेर

६. कुनै पनि बस्तु, चित्र वा विषय शीर्षकलाई व्याख्या गर्न लगाएर

पढाइ

१. पाठ्य पुस्तकभित्र रहेका कविता, कथा, गीत गाते, यति र लय मिलाई पढ्न लगाएर

२. पाठ्य पुस्तकबाट खास खास शब्दपतिहरू झिकेर पढ्न लगाएर

लेखाइ

१. शब्दको अर्थ तथा प्रश्नोत्तर लेख्न लगाएर जाँच्ने

२. चिठी, निवेदन, निबन्ध लेख्न लगाएर जाँच्ने

३. अनुलेखन गराएर जाँच्ने

४. अनुलेखन गर्दा आकार, मात्राको प्रयोग गराइ जाँच्ने

५. विद्यार्थी स्वयम्ले रचना गरेका स्वतन्त्र रचनाहरूको जाँच गरेर

६. सिर्जनात्मक अभ्यासहरू गराई जाँच्ने

कार्यमूलक व्याकरण

१. सम्बन्धित भाषाको वचन, लिङ्ग, पुरुषसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न लगाउने

२. भाषिक संरचनाअनुसार कालहरू परिवर्तन गर्न, कालहरूका रूपहरू भन्न लगाउने

३. विभक्तिहरूको प्रयोग गर्न लगाई जाँच्ने

४. विभिन्न आधारमा वाक्य तथा वाच्य परिवर्तन गर्न लगाउने

शब्द भण्डार र शब्द सङ्ख्या

१. पाठमा प्रयोग भएका कठिन शब्दहरू अर्थसहित भन्न र लेख्न लगाएर जाँच्ने

२. सात/आठ शब्दसम्मका वाक्य बनाउन लगाएर जाँच्ने

३. सम्बन्धित भाषाको संरचनाअनुसार संयोजक प्रयोग गरी ८–९ शब्दसम्मका वाक्य बनाउन लगाउने

४. पर्यायवाची, विपरीतार्थक, श्रुति समभिन्नार्थक शब्द पहिचान गर्न लगाउने

५. अनुकरणात्मक, पारिभाषिक/प्राविधिक शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने

मातृभाषामा मूल्याङ्कन सम्बन्धी औपचारिक तथा अनौपचारिक दुवै प्रक्रिया अनुसरण गर्नुपर्ने छ । कक्षागत रूपमा सञ्चालन गरिने उपलब्धि परीक्षाका आधारमा पनि मातृभाषा सम्बन्धी सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ । आवश्यकताअनुसार मूल्याङ्कनका विविध साधनहरूको प्रयोग गरी मातृभाषाका सम्बन्धमा बाल बालिकाहरूको मूल्याङ्कन गर्नु वाञ्छनीय हुने छ ।

भाषिक मूल्याङ्कनका लागि भाषिक क्षेत्र र अङ्क भार वितरण तालिका

क्षेत्र (पढाइ र लेखाइ)	विधा	अङ्क भार
१. शब्द भण्डार	शब्दार्थ,शब्द पहिचान र शब्दहरूको वाक्यमा प्रयोग	१०
२. वर्ण विन्यास	शुद्धीकरण	४
३. व्याकरण	पहिचान र प्रयोग (वाक्य कोटिअनुसारको रचना)	१५
४. बोध (दृष्टांश)	विभिन्न विधाका गद्य्य सामग्री	५
५. बुँदा टिपोट र सारांश (दृष्टांश)	गद्य्य विधा	२+३
६. निर्देशित रचना	कथा/जीवनी वा संवाद/वाद विवाद/चिठी	४
७. भाव विस्तार/व्याख्या	कथा, कविता, प्रबन्ध /निबन्ध, जीवनी	४
८. पाठगत प्रश्नोत्तर	(क) कथा, कविता, प्रबन्ध/ निबन्ध, जीवनी (ख) तार्किक शिल्प/समस्या समाधान	८ ४
९. विवेचना	कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी	८
१०. स्वतन्त्र रचना	निबन्ध	८
११. सुनाइ र बोलाइ (प्रयोगात्मक)	श्रुति लेखन, मौखिक वर्णन, सस्वर वाचन र उच्चारण	२५
जम्मा		१००

- शब्द भण्डारअन्तर्गत पाठमा प्रयुक्त विशेष शब्द (पर्यायवाची, विपरीतार्थी, अनेकार्थी आदि) र उखान टुक्काको समेत समावेश गरिने छ ।
- व्याकरणअन्तर्गत निर्दिष्ट पाठ्यवस्तुको पहिचान र प्रयोगको परीक्षण गरिने छ ।
- मातृभाषा विषयको प्रतिहप्ता पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७५ घन्टी हुने छ ।

खण्ड (ख)

मातृभाषाको पाठ्य पुस्तक विकासका लागि मार्गदर्शन

परिचय

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) को संरचनाअनुसार मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय पठनपाठन गराउन सकिने प्रावधान रहेको छ । उक्त पाठ्यक्रम संरचनाअनुसार स्थानीय स्तरमा नै उपलब्ध हुने स्थानीय स्रोत सामग्रीहरूको प्रयोग गरी सिकाइलाई उपलब्धिमूलक बनाउन सक्ने व्यवस्था गरिएको छ । यसले सम्बन्धित भाषिक समुदाय, स्थानीय सङ्घ संस्था र विद्यालयहरूलाई समेत सहयोग होस् भन्ने उद्देश्यले पाठ्यक्रम विकास केन्द्रले मातृभाषाको नमुना पाठ्यक्रम तथा पाठ्य पुस्तक विकासका लागि मार्गदर्शन पुस्तिका तयार पारेको हो । मातृभाषाको छुट्टै विषय विशेषज्ञ नरहेको अवस्थामा प्रायः सबै मातृभाषाहरूको पाठ्य पुस्तक विकास कार्यमा सम्बन्धित भाषिक समुदायका जानकार व्यक्तिहरूलाई संलग्न गराई पाठ्य सामग्री विकास गर्न सहयोग पुऱ्याउने उद्देश्यले तयार गरिएको यस पुस्तिकाका आधारमा क्रमशः विभिन्न मातृभाषाका पाठ्य पुस्तक विकास गरिँदै लगिने छ ।

प्रत्येक भाषाको प्रकृति फरक फरक हुन्छ । त्यही फरकपनले गर्दा नै पाठ्य पुस्तकहरूमा विविधता आउनु स्वाभाविक हो । यस विषयलाई पठन पाठनका लागि छुट्याएको समय, सबै भाषाका लागि आवश्यक भाषिक सिप, भाषा सिक्न विषय वस्तुको प्रयोग गरिने कक्षागत विधा, विद्यार्थीका उमेरअनुसार वर्णको आकार (साइज़), सबै भाषा पठन पाठन गर्दा अपनाउनुपर्ने कियाकलाप आदिमा एकरूपता हुनु आवश्यक भएकाले यो मार्गदर्शन पुस्तिका तयार पारिएको हो ।

यस मार्गदर्शन पुस्तिकामा पाठ्य पुस्तक तयार पार्दा ध्यान दिनुपर्ने कुरा, पाठ्य पुस्तकको आकार प्रकार, कक्षागत र विधागत पाठ सङ्ख्या, चित्र तथा विषय वस्तुको अनुपात र वर्णको आकारका सम्बन्धमा आवश्यक न्यूनतम आधार तोकिएको छ । यसका साथै पाठ्य पुस्तकका पाठका अभ्यास, नमुना उत्तर आदि जस्ता थप कुराहरूमा समेत आधारहरू निर्धारण गरिएका छन् ।

पाठ्यक्रम विकास केन्द्रका साथै अन्य सम्बन्धित भाषिक समुदाय, विद्यायल, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूले समेत यस मार्गदर्शन पुस्तिकाअनुसार कुनै पनि मातृभाषाका पाठ्य पुस्तक निर्माण गर्न सक्ने छन् । सबै निकायहरूले मातृभाषाका पाठ्य पुस्तक विकास गर्दा यस मार्गदर्शन पुस्तिकालाई मुख्य आधार बनाउनुपर्छ र जिल्ला पाठ्यक्रम समन्वय समिमितको स्वीकृति लिई विद्यालयमा लागु गर्न सकिने छ ।

आधारभूत शिक्षा (कक्षा ६-८) तहको मातृभाषाका पाठ्य पुस्तकहरू तयार पार्दा भाषिक सिपहरू सिकाउने उद्देश्यले विषय वस्तुको छनोट गर्नुपर्ने हुन्छ । ती विषय वस्तु विद्यार्थीहरूको अनुभव, स्थानीय आवश्यकता, भाषिक सन्दर्भ र निर्धारित शैक्षिक गुणस्तरअनुसारको हुनुपर्छ । पाठ्य पुस्तकका पाठहरू तयार पार्दा पाठको उपयुक्त शीर्षक दिनुपर्छ भने पाठमा सम्बन्धित विषयका पूर्ण विवरणहरू सङ्क्षेपमा उल्लेख गर्नुपर्दछ । अभ्यासका लागि मूल्याङ्कनसँग सम्बन्धित विविध कियाकलाहरू पनि पाठमा दिइएको हुनुपर्छ ।

पाठ्य पुस्तक तयार गर्दा ध्यान दिनुपर्ने पक्षहरू

पाठ्य पुस्तकको आकार प्रकार, चित्र र विषय वस्तुको अनुपात, परिच्छेद/एकाइको ढाँचालगायतका शैलीगत पक्षका लागि पाठ्यक्रम विकास केन्द्रले जारी गरेको सम्पादन शैली पुस्तिकालाई आधार मान्नुपर्ने छ ।

पाठ्य पुस्तक सम्बन्धी अन्य पक्ष

- पाठ्य पुस्तकमा अभ्यास दिँदा पाठमा आधारित रहेर नमुना उत्तरसहित दिनुपर्ने छ ।
- पाठ्य पुस्तकमा समावेश गरिएका पाठहरू कुनै पनि समाज, जाति, धर्म, लिङ्ग आदिमा आँच नपुग्ने हुनुपर्ने छ , साथै विवादित विषय पनि हुनुहुँदैन ।
- पाठ्य पुस्तकमा समावेश गरिएका चित्र तथा पाठहरूले राष्ट्रिय अखण्डतामा आँच नपुग्ने हुनुपर्ने छ ।
- पाठ्य पुस्तकका चित्रहरू सफा, स्पष्ट, बुझिने र सन्देशमूलक हुनुपर्ने छ ।
- पाठका वाक्यहरू स्पष्ट, शुद्ध, निश्चित उद्देश्ययुक्त र सरल हुनुपर्ने छ ।
- चित्रहरू दिँदा सम्बन्धित भाषिक समुदायको संस्कृतिसँग मिल्दो दिनुपर्ने छ ।
- पाठ्य पुस्तकमा मानवीय अस्तित्वको बोध गराउँदै जातजाति, संस्कृति, धर्म आदिबिच सद्भाव जनाउन र संरक्षण एवम् संवर्धन गर्ने खालका सन्देशमूलक सामग्री समावेश गर्नुपर्ने छ ।
- पाठमा रहेका कठिन शब्दहरूको अर्थ आफ्नै मातृभाषा (सम्बन्धित मातृभाषा) मा हुनुपर्छ ।
- पाठ्य पुस्तकमा समावेश गरिएका पाठ तथा क्रियाकलापहरू बालक (विद्यार्थी) केन्द्रित हुनुपर्छ ।
- पाठ्यक्रम तयार गर्दा अगाडिका सिकाइ उपलब्धिहरूलाई पनि समावेश गर्नुपर्छ ।
- पाठ्यक्रमले निर्धारण गरेको व्याकरणलाई तहगत रूपमा अलग अलग नराखी प्रत्येक तह तहमा एकपछि बाँकी अंश गर्दै एकीकृत गर्नुपर्छ ।
- पाठ्य पुस्तकमा समावेश गरिएका क्रियाकलापहरूबाहेक अन्य थप क्रियाकलापहरूका लागि शिक्षकलाई निर्देशन दिनुपर्ने छ ।
- प्रत्येक पाठ्य पुस्तकको सुरुमा आवरण पृष्ठ, प्रकाशक, प्राक्कथन, पाठ्य पुस्तक प्रयोग सम्बन्धी निर्देशन, विषयसूची समावेश गर्नुपर्ने छ ।
- पाठ्य पुस्तकमा समावेश गरिने पाठहरू तयार पार्दा कक्षाको स्तर, विद्यार्थीको रुचि तथा क्षमता, समुदायको आवश्यकता र स्थानीय परिवेशलाई पयाप्त मात्रामा ख्याल गर्नुपर्ने छ ।
- पाठ्य पुस्तकको अन्तिममा परिशिष्ट, सन्दर्भ ग्रन्थ, शब्दवली आदि समावेश गर्नुपर्ने छ ।

विशिष्टीकरण तालिका

विषय : मातृभाषा

पूर्णाङ्क - ७५
उत्तीर्णाङ्क - ३०

क्र. सं	क्षेत्र (पढाइ र लेखाइ)	विधा / परीक्षणीय पक्ष	ज्ञान	बोध	व्यावहारिक सिप	उच्च दक्षता	प्रश्न सङ्ख्या, अङ्क भार र समय				स्पष्टीकरण
							जम्मा प्रश्न	उत्तर दिनुपर्ने प्रश्न	अङ्क भार	समय (मिनेटमा)	
१	शब्द भण्डार	अर्थलेखन	१				१	१	२	५	पाठमा प्रयोग भएका कुनै ६ ओटा शब्दको अर्थ दिई जोडा मिलाउन लगाउने
		शब्द पहिचान	१				१	१	३	५	पाठमा प्रयुक्त अनेकार्थीबाट २, पर्यायवाचीबाट २, विपरीतार्थीबाट १ र समावेशक समावेश्यबाट १ गरी जम्मा ६ ओटा शब्द निर्देश वा सङ्केतबमोजिम लेख्न लगाउने
		वाक्यमा प्रयोग			१		१	१	४	७	पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द (अनुकरणात्मक शब्द-१, पारिभाषिक/प्राविधिक शब्द -१,उखान टुक्का - १ समेत पर्ने गरी) ४ ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने
२	हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्न	शुद्धीकरण			१		१	१	२	४	एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्ण विन्यास ३ ओटा र लेख्य चिह्न १ ओटा पर्ने गरी ४ ओटा अशुद्धि भएको गद्यांशदिई शुद्ध गर्न लगाउने
					१		१	१	२	४	प्रयुक्त शब्दहरूमा वर्ण विन्यासको उपयुक्त प्रयोगका ४ ओटा वहु वैकल्पिक प्रश्न सोध्ने वा ह्रस्वदीर्घ, य-ए, ब-व,श/ष/स, पञ्चम वर्ण, शिरबिन्दुबाट ४ ओटा बहु वैकल्पिक प्रश्न सोध्ने
३	व्याकरण	शब्दवर्ग			१		१	१	३	५	६ ओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्याउन लगाउने
		कारक र विभक्ति			१		१	१	१	२	दिइएको अनुच्छेद वा वाक्यबाट रेखाङ्कित पदहरूको २ ओटा कारक छुट्याउने वा दुई ओटा विभक्ति छुट्याउन लगाउने
		काल, पक्ष र भाव			१		१	१	३	५	काल, पक्ष र भावबाट ६ ओटा धातु सङ्केत गरी ६ ओटा वाक्यका खाली ठाउँ भर्न लगाउने
		वाक्य परिवर्तन			१		१	१	४	७	लिङ्ग, वचन, पुरुष, आदर गरी २, वाच्य १, करण/अकरण १, वाक्य कोटिका प्रश्न सोधी वाक्य परिवर्तन गर्न लगाउने

		वाक्य रचना (वर्णन)			१		१	१	४	७	क्रियाका खास काल, पक्ष वा भावको कोटी तोकेर न्यूनतम ४ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने
४	बोध (दृष्टांश)	बोध प्रश्नोत्तर		१			१	१	५	९	विभिन्न लेख रचनाहरूबाट १५० शब्दसम्मको दृष्टांश गद्यांश दिई त्यस सम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै ५ प्रश्न सोध्ने
५	बुँदा टिपोट र सारांश (दृष्टांश)	बुँदा टिपोट र सारांश लेखन				१	१	१	५	९	गद्य विधाका पाठबाट १०० शब्दसम्मको गद्यांशदिई ४ ओटा बुँदा टिपी सारांश लेख्न लगाउने
६	निर्देशित रचना	कथा/जीवनी वा वादविवाद/ संवाद/ चिठी लेखन				२	२	१	४	७	बुँदा दिई कथा/जीवनीबाट एक प्रश्न वा वाद विवाद/संवाद/चिठीमध्येबाट कुनै एक प्रश्न गरी दुई प्रश्न सोध्ने र कुनै एकको उत्तर दिन लगाउने
७	भाव विस्तार/ व्याख्या	कथा,कविता, निबन्ध/प्रबन्ध जीवनी				२	२	१	४	७	निर्धारित विधाका २ विशिष्ट पङ्ति दिई कुनै एकको व्याख्या,भाव विस्तार गर्न वा तात्पर्य खुलाउन लगाउने (कविता विधालाई अनिवार्य गर्ने)
८	पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्क)	कथा, कविता, निबन्ध/प्रबन्ध , जीवनी	१		१	१	३	२	८	१५	निर्धारित विधाहरू कथा, कविता, निबन्ध/प्रबन्ध,जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा ३ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी २ ओटाको उत्तर दिन लगाउने
		तार्किक शिल्प/समस्या समाधान				१	१	१	४	७	निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने वा समस्या समाधान गर्ने खालको प्रश्न सोध्ने
९	विवेचना	कथा, निबन्ध/ प्रबन्ध, जीवनी				२	२	१	८	१५	कथा, निबन्ध/प्रबन्ध र जीवनीमध्ये कुनै २ विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने
१०	स्वतन्त्र रचना	निबन्ध				१	१	१	८	१५	आत्मपरक एउटा र वस्तुपरक २ ओटा पर्ने गरी कुनै ३ शीर्षक दिने र तीमध्ये कुनै १ शीर्षकमा १३० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने
			३	२	८	१०	२३	१९	७५	२ घण्टा १५मिनेट	

प्रयोगात्मक कार्यका लागि विशिष्टीकरण तालिका

क.सं	क्षेत्र (सुनाइ र बोलाइ)	परीक्षणीय पक्ष	अङ्क भार	स्पष्टीकरण
१	सुनाइ	श्रुति लेखन	५	५० शब्दसम्मको कुनै एक अनुच्छेद (दृष्टांश) को श्रुति लेखन गराउने
२	बोलाइ	मौखिक वर्णन सस्वर वाचन उच्चारण	५ १० ५	कुनै एक विषय, वस्तु, चित्र दिई मौखिक वर्णन गर्न लगाउने वा कुनै जानेसुनेको कथा भन्न लगाउने पाठभित्रका ८० शब्दसम्मका गद्यांश(कथा, निबन्ध वा जीवनी) गति, यति मिलाई भावअनुसार सस्वर पठन गर्न लगाउने पाठमा प्रयुक्त उच्चारणका दृष्टिले समस्यामूलक १० शब्दको उच्चारण गर्न लगाउने
	जम्मा		२५	

द्रष्टव्य :

१. (क) ज्ञान : यसमा प्रारम्भिक सिकाइका कुराहरू पर्दछन् । विशिष्ट तथ्य, पुनःस्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ख) बोध : विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

(ग) व्यावहारिक सिप : यसमा प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमता सम्बन्धी प्रश्नहरू सोधिने छन् ।

(घ) उच्च दक्षता : विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमता सम्बन्धी प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।

२. यो विशिष्टीकरण तालिका कक्षा ८ का लागि हो । कक्षा ८ को वार्षिक परीक्षामा २५ प्रतिशत सुनाइ र बोलाइको प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने छ । कक्षा ६ र ७ को हकमा भने निरन्तर विद्यार्थी मूल्याङ्कन ४० प्रतिशत र आवधिक मूल्याङ्कन ६० प्रतिशतको हुने छ । सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कन गर्दा अङ्कको समायोजन सोहीअनुसार गर्नुपर्ने छ ।